प्रदेश सभाको बैठकमा २०७७ साल जेठ १३ गते

# माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर वोहराले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकको

# सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति

(कर प्रस्ताव बाहेक)

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालय

जेठ १३, २०७७

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधान बमोजिम यस गरिमामय प्रदेशसभामा सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ को दफा ९ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) को कानूनी व्यवस्था अनुरूप विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव बाहेक) यस गरिमामय सदनसमक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु। महामारीको रुपमा फैलिएको कोभिड-१९ रोग संक्रमणका कारण विश्वका अधिकांश मुलुकहरु आक्रान्त भएका छन् । कोरोना भाइरस संक्रमणको उपचार, रोकथाम र नियन्त्रणमा अग्रपंतिमा रही अहोरात्र खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक र निजी क्षेत्र लगायत सम्पूर्ण जनसमुदायप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

२. कोभिड-१९ को कारणले गर्दा ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै निजहरुको शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु। साथै कोभिड-१९ रोगबाट संक्रमितहरुको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछु। कोभिड-१९ रोगको रोकथाम र नियन्त्रण गर्ने कुरामा सरकारले लिने नीतिगत निर्णयको हामी सबैबाट परिपालना भई सहयोग रहनेछ भन्ने कुरामा विश्वस्त छु र सामाजिक दूरी कायम गर्दै आफूलाई सुरक्षित र अरुलाई पनि सुरक्षित राख्न हार्दिक अनुरोध गर्दछु। कोभिड-१९ को नियन्त्रण गर्ने सन्दर्भमा प्राथमिकताका साथ बजेट विनियोजन गरिने व्यहोरा सम्मानित सभासमक्ष अवगत गराउन चाहन्छु।

३. मानव सभ्यताको उत्पत्ति भएपश्चात् विश्व मानव समुदाय र विश्वका सबै मुलुकहरु एकैपटक कोभिड-१९ को महामारीको चपेटामा परी लकडाउन गर्न बाध्य भएको पहिलो पटक नै होला। विश्वमा एकैपटक महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको संक्रमण रोक्न उचित व्यवस्थापन गर्नुपर्ने र विश्व आर्थिक मन्दीको संघारमा रहेको समयमा प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउनु पर्ने कठिन र चुनौतिपूर्ण विषम् परिस्थितिमा आर्थिक वर्ष २०७७/७८ को लागि विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति (कर प्रस्ताव बाहेक) प्रस्तुत गरिरहँदा चुनौतीसँगै अवसरको गहन जिम्मेवारीबोध गरेको छु। चुनौतीको सामना गर्ने सन्दर्भमा प्राप्त भएका अनुभवको पाठलाई अवसरको रुपमा परिणत गर्दै प्रदेशको अर्थतन्त्रलाई सुखद गन्तव्यतिर पुऱ्याउने यथेष्ठ प्रयत्न गरिनेछ र यसमा सबैको साथ र सहयोग रहनेछ भन्ने कुरामा म विश्वस्त छु।

४. कोभिड-१९ को समस्याले गर्दा उद्योग, व्यापार, पर्यटन, व्यवसाय, आयात-निर्यात, श्रम र लगानीका क्षेत्रहरु अतिप्रभावित बन्न पुगेका छन् भने उत्पादनमा शिथिलता आई बेरोजगारीको ठूलो समस्या

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

उत्पन्न भएको छ। भारत र तेस्रो मुलुकबाट जनता आ-आफ्नो घर फिर्ता हुने क्रम जारी छ र यसले गर्दा सामाजिक सुरक्षा, खाद्य सुरक्षा र रोजगारीमा निकै ठूलो चुनौतीको सिर्जना हुन गई रहेको छ। आगामी आर्थिक वर्षको बजेटले प्रभावित क्षेत्रलाई सम्बोधन गरी शिथिलताको अन्त्य गर्दै आर्थिक विस्तारलाई प्राथमिकतामा राखी अर्थतन्त्रको पुनरुत्थान नयाँ शिराबाट द्रुत गतिका साथ थप गतिशील बनाउनेतर्फ बजेट केन्द्रित हुनेछ।

५. संघीयताको कार्यान्वयन भएसँगै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आम जनताले प्रत्यक्ष रुपमा अनुभूति गर्ने गरी लोकतन्त्रको लाभ जनताको घरदैलोमा पुऱ्याउने ऐतिहासिक अवसर हामीलाई प्राप्त भएको छ। यस सु-अवसरबाट नागरिकले यथेष्ठ लाभ उठाउन सक्ने गरी काम गर्न हामी सबै प्रतिबद्ध हुनुपर्ने आजको टड्कारो आवश्यकता रहेको अनुरोध गर्न चाहन्छु।

६. प्रदेश सरकारको संस्थागत संरचना, मानव संसाधन व्यवस्थापन र वित्तीय स्रोत साधनको समुचित परिचालन गरी जनताको विकासप्रतिको तीव्र चाहना र प्रदेशको सीमित स्रोत साधनको उपलब्धता बीच तादाम्यता कायम गर्दै उच्च विनियोजन कार्यकुशलता अभिवृद्धि गरिनु पर्ने भएको छ ।

७. विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा हाम्रो मुलुकले अंगिकार गरेको खुला अर्थनीति, समावेशीता र नेपालको संविधानमा उल्लेखित समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको कार्यदिशा, दीगो विकासको राष्ट्रिय प्रतिवद्धता, दीर्घकालीन सोच सहितको पन्ध्रौं आवधिक योजना आदिलाई मार्गदर्शनको रुपमा लिएको छु। साथै, विगतको निर्वाचन मार्फत जनअनुमोदित चुनावी प्रतिवद्धतालाई पनि विनियोजन विधेयक, २०७७ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा आधारको रुपमा लिएको छु।

८. कोभिड-१९ को जोखिम न्यूनीकरणमा राष्ट्रिय ऐक्यबद्धता महत्वपूर्ण रहेको छ । शिथिल प्रायः भएको सामाजिक तथा आर्थिक जीवनचक्रलाई पुनर्स्थापित र गतिशील बनाउन हामी सबैको क्रियाशीलता आवश्यक रहेको छ। यसमा सबैको साथ र सहयोग रहने कुरामा म विश्वस्त छु।

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सभासमक्ष विनियोजन विधेयक, २०७७ मा समावेश हुने बजेटका सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. नेपालको संविधानमा उल्लेखित मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट निर्देशित हुनेछ ।

१०. प्रदेशमा सबल र सक्षम अर्थतन्त्रको आधारशीला स्थापना गर्नको लागि बजेट निर्माण गर्दा संविधानले व्यवस्था गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू र लोककल्याणकारी राज्यको आधारभूत सिद्धान्तको परिपालना गरिनेछ ।

११. खुला, स्वस्थ र प्रतिस्पर्धी बजार अर्थतन्त्रको सुदृढीकरणबाट उत्पादन, उत्पादकत्व, उद्यमशीलता र प्रविधिलाई प्रोत्साहन गर्दै स्वतन्त्र, समृद्ध र सबल अर्थतन्त्र निर्माण गरिनेछ। निजी क्षेत्रलाई सामाजिक जिम्मेवारी सहितको आर्थिक वृद्धिको साझेदारको रूपमा अगाडि बढाइनेछ ।

१२. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा तीब्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास तथा प्राप्त प्रतिफलको न्यायोचित वितरण गरी समतामूलक समाज निर्माण गर्ने सिद्धान्त अवलम्बन गरिनेछ । यसबाट समृद्ध, स्वाधीन एवम् समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको आधार तयार गरिने छ ।

१३. उपलब्ध न्यून श्रोत र साधनबाट अधिकतम् प्रतिफल हासिल गर्नुपर्ने अवस्थामा प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना छनौट गर्ने सिद्धान्त अवलम्बन गरिनेछ ।

१४. बजेट तर्जुमा गर्दा पन्ध्रौं आवधिक योजना, नेपाल सरकारको वित्त नीति, नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्थानीय तहका आवश्यकता समेतलाई ध्यानमा राखी समन्वय, सहकार्य र सहकारीताको सिद्धान्त अवलम्बन गरिनेछ ।

१५. बजेट निर्माण गर्दा चालू खर्चलाई वाञ्छित सीमाभित्र राखी पूँजीगत खर्च अभिबृद्धि गर्ने गरी विनियोजन कुशलताको सिद्धान्त अवलम्वन गरिनेछ । सरकारले गर्ने खर्चलाई मितव्ययिता तथा पारदर्शिता सहितको उत्तरदायित्व सुनिश्चित हुने गरी प्रदेश व्यवस्थापिकाबाट अनुमोदन नगरी खर्च नगर्ने बजेटको सिद्धान्त र परिधिको पूर्ण परिपालना गरिनेछ ।

**माननीय सभामुख महोदय,**

१६. अब म आर्थिक वर्ष २०७७/७८ को बजेटको उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

(क) समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा टेवा पुऱ्याउने,

(ख) कोभिड-१९ रोग संक्रमणवाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थान गर्ने,

(ग) समावेशी र दीगो आर्थिक विकास मार्फत सामाजिक न्याय कायम गर्ने,

(घ) रोजगारी र स्वरोजगारी सिर्जना गरी अर्थतन्त्रलाई गतिशील बनाउने,

(ङ) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य सुरक्षा, आपूर्ति ब्यवस्थापन र पोषणको अवस्थामा सुधार गर्ने,

(च) गुणस्तरयुक्त आधुनिक प्रदेश स्वास्थ्य सेवा प्रणालीको विकास गर्ने,

(छ) प्रदेशमा गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने,

(ज) आन्तरिक उत्पादन बृद्धि, निर्यात प्रोत्साहन र आयात प्रतिस्थापन गर्ने,

(झ) पूर्वाधार क्षेत्र कार्यक्रमलाई सघन रोजगारी सिर्जनासँग एकीकृत गर्ने,

(ञ) प्रदेशका नागरिकलाई समावेशीता, समता र सुशासनको प्रत्याभूति गराउने र

(ट) समग्र आर्थिक स्थायित्व कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

अब म कर प्रस्ताव बाहेकको आर्थिक वर्ष २०७७/७८ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१७. बेरोजगारी, गरीवी र कोभिड-१९ को महामारीबाट आक्रान्त नागरिकलाई तत्काल राहत पुग्ने, गरीबी न्यूनीकरण गर्ने र स्वास्थ्य सुरक्षा प्रदान गर्ने कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

१८. कोभिड-१९ रोग संक्रमण र यसको रोकथामको लागि गरिएको बन्दाबन्दीको कारण सुदूरपश्चिम प्रदेशको समग्र अर्थतन्त्रमा पर्न गएको र भविष्यमा पर्न सक्ने नकारात्मक असर र क्षति न्यूनीकरण गर्ने तथा अर्थतन्त्रको पुनरुत्थानमाक सहयोग पुऱ्याउने कार्यक्रमलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।

१९. स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरुको आयआर्जन बढाई अर्थतन्त्रलाई गतिशील र चलायमान गराउन उनीहरुमा रहेको ज्ञान, सीप र क्षमता प्रयोग गरी कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्ने क्षेत्रमा प्रदेश सरकारका विकास क्रियाकलापहरु लक्षित हुनेछन् ।

२०. स्थानीय सीप, स्रोत र साधनमा आधारित लघु, साना तथा घरेलु एवं मझौला उद्योग तथा व्यवसाय प्रबर्द्धन गरी रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्ने क्रियाकलापहरुलाई प्राथमिकता दिई प्रोत्साहन गरिनेछ ।

२१. शिक्षा, स्वास्थ्य, मानव विकास लगायतका सूचकांकमा पछाडि परेका बाजुरा,बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरुलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ । प्रदेशमा रहेका छाउपडी प्रथा, जातीय छुवाछुत, वालविवाह, महिला हिंसा लगायतका सामाजिक कुरीतिहरु विरुद्ध लड्न विशेष कार्यक्रम संचालन गरिनेछ।

२२. संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनमा सहयोग पुग्ने गरी संविधानको मार्गदर्शन र संघीय सरकारले लिएका राष्ट्रिय विकासका लक्षहरु, प्रदेश सरकारको प्राथमिकता र दीगो विकासका लक्ष्यहरु हासिल गर्ने दिशामा केन्द्रित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

२३. पिछडिएको वर्ग, लिङ्ग, जातजाति र समुदायलाई श्रोत र अवसरहरुको वितरण र पूनर्वितरण मार्फत सामाजिक न्याय सहितको सुरक्षा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२४. प्रदेशको विकास निर्माण र सेवा प्रवाहलाई जवाफदेही, उत्तरदायी एवं पारदर्शी बनाउँदै प्रविधिको प्रयोग मार्फत सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७७/७८ को बजेट विनियोजनको लागि अवलम्बन गरिने प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२५. आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रम निर्माण गर्दा बजेटका मूल्यमान्यता, सिद्धान्त, योजना छनौटको मापदण्ड, विधि र प्रक्रिया अनुशरण गरिनेछ।

२६. कोभिड-१९ रोगको महामारीबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत र पुनस्थापनाका कार्यक्रम संचालन गरी कल्याणकारी राज्यको अवधारणालाई मूर्तरुप दिने नीति लिईनेछ।

२७. महामारीजन्य रोगको पहिचान, उपचार, नियन्त्रण एवं रोकथाम गर्न प्रदेश स्वास्थ्य प्रणालीको समुचित विकास गर्ने नीति अवलम्बन गरिनेछ।

२८. जनताहरुसँग रहेको ज्ञान, स्थानीय सीप र क्षमताका आधारमा रोजगारी गुमेका, कोभिड-१९ का कारणले विदेशबाट फर्कि आएका र बेरोजगार नागरिकहरुलाई पहिचान गरी तिनीहरुलाई उत्पादन र उत्पादकत्व अभिबृद्धिमा परिचालन गरी रोजगारी प्रदान गर्ने नीति अंगिकार गरिनेछ।

२९. जनतालाई आर्थिक क्रियाकलापमा आवद्ध गराउने गरी आयआर्जन बढाउने र सामाजिक परिचालन मार्फत सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

३०. प्रदेश सरकारले कार्यक्रमहरु संचालन गर्दा संघीय सरकारले यस प्रदेशमा संचालन गरेका गरीवी निवारणसँग सम्बन्धित कार्यक्रमहरुको परिपूरक हुनेगरी संचालन गर्नेछ।

३१. संघीय सरकार र स्थानीय तह सहितको साझेदारी र विकास साझेदारहरु समेतको संलग्नतामा संचालित खाद्य सुरक्षा एवं पोषण कार्यक्रमहरुलाई सहयोग पुग्ने गरी प्रदेश सरकारले कार्यक्रम संचालन गर्नेछ।

३२. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरी कृषि उपजको भण्डारण र बजारीकरणमा जोड दिँदै आत्मनिर्भरतातर्फ उन्मुख हुने नीति अवलम्बन गरिनेछ।

३३. कृषिमा आधारित ग्रामीण उद्योगको स्थापना तथा संचालन गर्दै कृषिमा आत्मनिर्भरताको नीति अवलम्बन गरिनेछ।

३४. कृषिजन्य वस्तुको उत्पादन, भण्डारण र बजारीकरणमा संलग्न प्रदेश सरकारका निकायहरुबीच कार्यक्रम निर्माण र कार्यान्वयनका चरणहरु देखिनै आवश्यक समन्वय गर्ने नीति अवलम्बन गरिनेछ।

३५. प्रदेशमा रहेको जडीबुटीको प्रचुर सम्भावनालाई उत्पादन एवं बजारीकरणसँग आवद्ध गर्न सार्वजनिक-निजी साझेदारीको नीति अवलम्बन गरिनेछ। जल, जंगल, जडीबुटीको वैज्ञानिक र दीगो विकासका साथ व्यवस्थापन गर्ने नीति लिइनेछ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

३६. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सीना सिंचाई, सतह सिंचाई, डिप ट्युवेल र मध्यम खालका सिंचाई प्रणाली सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने निकायले कृषि मन्त्रालयसँग समन्वय गरी कार्यक्रम तयारी, छनौट र कार्यान्वयनमा अन्तरआवद्धता कायम गर्ने नीति अवलम्बन गरिनेछ।

३७. प्रदेश सरकारको अधिकारमा रहेका सडक सञ्जालको आवश्यकता पहिचान गरी आवश्यक मर्मत सम्भार, नयाँ लोकमार्गहरुको निर्माण र नियमित संचालन हुनसक्ने गरी यातायातलाई भौतिक पूर्वाधारको प्रमुख मेरुदण्डको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

३८. वैकल्पिक ऊर्जा र लघु-जलविद्युतका कार्यक्रम मार्फत ग्रामीण विद्युतीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

३९. आम प्रदेशवासीलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउनेतर्फ उच्च प्राथमिकता दिइनेछ।

४०. वर्षेनी बाढीपहिरोको कारणले खेतीयोग्य भूमि र मानव वस्ती कटानबाट हुने आकस्मिक क्षति न्यूनीकरण गर्न दीर्घकालीन सोचसहित नदी नियन्त्रण तथा तटबन्ध कार्यक्रम संचालन गरिनेछ।

४१. प्रदेशको उच्च आर्थिक विकासको लागि प्रदेश गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनाहरुलाई आवश्यक श्रोत सुनिश्चित गरिनेछ।

४२. प्रदेशलाई प्राप्त राजस्व परिचालनको अधिकारको अधिकतम सदुपयोग गरी प्रदेशको आयमा आन्तरिक राजस्वको आकार बढाउन करका स्थापित सिद्धान्तहरुलाई अवलम्बन गरिनेछ।

४३. मानव विकास सूचकांकमा पछाडि परेका जिल्लालाई प्राथमिकता दिँदै सबै जिल्लाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४४. संचार पूर्वाधारको समुचित निमार्ण मार्फत सूचना प्रवाह, सशक्तीकरण र सेवा प्रवाहसँग जनतालाई आवद्ध गरी आधुनिक प्रविधिको प्रयोग र पहुँच विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

४५. आर्थिक विकास तथा रोजगारीको प्रमुख आधारको रूपमा रहेका घरेलु तथा साना र मझौला उद्योग एवम व्यवसायको प्रवर्द्धन गर्ने नीति अंगिकार गरिनेछ। मूल्य अभिवृद्धिमा यथेष्ठ योगदान हुने उद्योगको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

४६. सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

४७. प्रदेश विकासको मेरुदण्डको रूपमा रहेको धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरूको विकास तथा प्रबर्द्धन मार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तब्य स्थल निर्माण गर्ने तर्फ बजेट व्यवस्था गरिनेछ।

४८. प्रदेशमा सबल वित्तीय पहुँचका लागि नेपाल सरकार तथा अन्य नियमनकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । वित्तीय सचेतना बढाउने नीति अवलम्बन गरिनेछ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

४९. प्रदेशमा निरक्षरता उन्मूलन गरी साक्षर प्रदेश निर्माण गर्न तय गरिएका कार्यक्रमहरूलाई निरन्तरता दिंदै सूचना प्रविधिमा आधारित गुणस्तरीय शिक्षाको विकास गरिनेछ । सीपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा विकासमा जोड दिइनेछ।

५०. आम नागरिकलाई स्वच्छ तथा सफा वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सबै किसिमका विकासका क्रियाकलापहरू वातावरणमैत्री हुने व्यवस्था गरिनेछ ।

५१. सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ। सीमान्तकृत वर्ग र समुदायको लागि आर्थिक-सामाजिक सुरक्षाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ।

५२. श्रम तथा रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि आवश्यक नीतिगत तयारी गरी असल श्रम सम्बन्ध स्थापित गर्ने कार्यदिशा तय गरिनेछ। बेरोजगारीको अन्त्य गर्न प्राविधिक सीपयुक्त जनशक्ति तयार गरी लघु उद्यमको माध्यमबाट स्वरोजगार वृद्धि गर्न बजेट विनियोजन गरिनेछ।

५३. सार्वजनिक सूचना प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन सूचना प्रविधिमैत्री प्रशासनको विकास गरिनेछ। सुशासन प्रवर्द्धन गर्न सरकारी तथा गैर-सरकारी क्षेत्रका सबै क्रियाकलापलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई सेवा र सुविधाहरूको गुणस्तर सुनिश्चित गरिनेछ । साथै बजेट प्रणालीलाई सुदृढ बनाउँदै वित्तीय अनुशासन कायम गरिनेछ।

५४. प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधमुक्त समाजको विकास गर्ने नीति लिइनेछ।

५५. प्रदेशको समुन्नतिका लागि युवा सहभागिताको नीति लिईनेछ ।

५६. समाजमा व्याप्त छुवाछुत, छाउपडी, बालविवाह, महिला हिंसा लगायतका सामाजिक उत्पीडनमा परेका व्यक्तिलाई क्षतिपूर्ति सहितको न्याय उपलब्ध गराई समतामूलक र समन्यायिक समाजको विकास गर्ने नीति अंगिकार गरिनेछ।

५७. विकासका कार्यक्रमहरूमा महिला, विपन्न वर्ग, दलित तथा पिछिडिएका वर्गहरूको सहभागिता सुनिश्चितता हुने गरी कार्यक्रम तय गरिनेछ। बञ्चितीकरणमा परेका वर्ग र क्षेत्रका जनताहरूलाई विकासको मूलधारमा ल्याउने नीति अवलम्वन गरिनेछ।

**माननीय सभामुख महोदय,**

५८. हालै केन्द्रीय तथ्याकं विभागले प्रक्षेपण गरेको राष्ट्रिय लेखा विवरण अनुसार चालू आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादनको बृद्धिदर ४.०८ प्रतिशत हुने अनुमान गरेको छ । यो बृद्धिदर अन्य प्रदेशहरू र राष्ट्रिय औसत बृद्धिदर भन्दा उच्च रहेको छ ।कृषि क्षेत्रमा भएको सापेक्षित बृद्धिले यो बृद्धिदर सम्भव हुन गएको देखिन्छ।

५९. प्रदेशवासीको आवश्यकता र साधनको उपलब्धताको आधारमा प्राथमिकीकरण गरिएका माथिका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको परिधिभित्र रही आगामी आर्थिक वर्षको बजेट तयार

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

गरिने कुरामा माननीय सांसदज्यूहरूलाई विश्वस्त तुल्याउन चाहन्छु। माननीय सांसदज्यूहरूबाट आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति (कर प्रस्ताव बाहेक) को प्रस्ताव माथि बृहत् छलफल गरी रचनात्मक सुझाव दिनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु। ती सुझावहरू र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट निर्माणको सन्दर्भमा मार्गदर्शनको रूपमा रहने व्यहोरा गरिमामय सभासमक्ष अनुरोध गर्दछु ।साथै यस विनियोजन विधेयकको सिद्धान्त र प्रथामिकतामा आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सांसदज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**माननीय सभामुख महोदय,**

माननीय सभामुखज्यूबाट आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) सम्मानित सभासमक्ष प्रस्तुत गर्नको लागि विशेष समय प्रदान गरिएकोमा माननीय सभामुखज्यूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

**धन्यवाद।**

२०७७/०२/१३
धनगढी, कैलाली ।